## नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः १४, श्रावण २२ गते, २०७८ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।


# भाग २

# व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।४।२२

**प्रस्तावना** : कोरोना भाइरस (कोभिड-१९) बाट संक्रमित व्यक्तिहरुको उपचार र व्यवस्थापन गर्नका निमित्त व्यास नगरपालिकाले व्यास नगर कोभिड व्यवस्थापन अस्पाताल सञ्चालन गर्नु पर्ने आवश्यकताको महशुस गरी संक्रामक रोग ऐन, २०२० को दफा २ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम “व्यास नगर कोभिड व्यवस्थापन अस्पताल सञ्चालन कार्यविधि, २०७८” रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “अस्पताल” भन्नाले व्यास नगरपालिका अन्तर्गत व्यास नगर कोभिड व्यवस्थापन अस्पाताल सम्झनु पर्छ ।

(ख) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(ग) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

(घ) "कोभिड अस्पताल" भन्नाले कोभिड व्यवस्थापनका लागि तोकिएको अस्पाताल सम्झनु पर्छ ।

(ङ) "कोभिड-१९" भन्नाले SARS-COV-2 भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(च) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले व्यास नगरपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

(ञ) "शाखा प्रमुख" भन्नाले व्यास नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ५ बमोजिम गठित निर्देशक समिति सम्झनु पर्छ ।

(ठ) "स्वास्थ्यकर्मी" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक, नर्स, प्यारामेडिस्क वा अन्य स्वास्थ्यकर्मी सम्झनु पर्छ ।

३. **अस्पतालको रुपमा सञ्चालन गर्ने :** कोभिड-१९ बाट संक्रमित बिरामीहरुको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारको काम एकीकृत रुपमा सञ्चालन गर्न नगरपालिकाले व्यास नगर कोभिड व्यवस्थापन अस्पताल व्यास नगरपालिका वडा नं.१० दुम्सी बजारमा रहेको आधारभूत स्वास्थ्य केन्द्रलाई तोकेको छ ।

४. **अस्पातालको काम, कर्तव्य र अधिकार :** (१) अस्पातालले कोभिड-१९ को सम्बन्धमा देहाय बमोजिमका स्वास्थ्य सेवा उपलब्ध गराउने छ :

(क) कोभिड-१९ बाट संक्रमित बिरामीहरुको पहिचान गर्ने,

(ख) कोभिड-१९ बाट संक्रमित बिरामीहरुको उपचार गर्ने,

(ग) कोभिड-१९ को संक्रमणबाट ग्रसित व्यक्तिहरुको उपचारका लागि स्वास्थ्य सेवा उपलब्ध गराउने,

(घ) कोभिड-१९ संक्रमित बिरामीहरुको रोग नियन्त्रणको कार्यक्रममा सहभागी हुने,

(ङ) अस्पतालको उद्देश्य पुरा गर्न अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

(२) अस्पतालले उपदफा (१) बमोजिम स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपलिकाले आवश्यक स्वास्थ्यकर्मीहरु उपलब्ध गराउने र परिचालन गर्नेछ ।

५. **निर्देशक समितिको गठन तथा काम, कर्तव्य र अधिकार :** (१) अस्पताललाई व्यवस्थित, स्तरीय एवं प्रभावकारी रुपमा सञ्चालन गर्न अन्य सम्बद्ध निकायहरुसँग समन्वय गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहने छ :

| | |
|---|---|
| (क) संयोजक | -प्रमुख |
| (ख) सदस्य | -उपप्रमुख |
| (ग) सदस्य | -प्रमुख प्रशासकीय अधिकृत |
| (घ) सदस्य | -सम्बन्धित वडाको वडा अध्यक्ष |
| (ङ) सदस्य | -कार्यपालिकाको सदस्य मध्येबाट कार्यपालिकाले तोकेको १ महिला सहित २ जना |

(च) सदस्य सचिव -शाखा प्रमुख

(२) समितिको बैठक अस्पतालका चिकित्सक र सम्बन्धित विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(३) समितिको सचिवालय नगरपालिकाको स्वास्थ्य तथा जनसंख्या शाखामा रहने छ ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- अस्पताललाई चाहिने स्वास्थ्यकर्मी लगायत जनशक्ति तथा श्रोत साधन पहिचान गरी सोको व्यवस्था गर्ने,
- अस्पताल सञ्चालन सम्बन्धमा मन्त्रालय, प्रदेश लगायत सम्बन्धित निकायहरुसँगं आवश्यक समन्वय गर्ने,
- अस्पतालका लागि चाहिने बजेट वा अन्य साधन स्रोत उपलब्ध गराउने र आवश्यक भएमा सम्बन्धित निकायमा सिफारिस गर्ने,
- अस्पताल सञ्चालन तथा कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा मन्त्रालयले निर्देशन दिए बमोजिम अन्य काम गर्ने ।

६. **समितिको बैठक र कार्य सञ्चालन** : (१) समितिको बैठकको अध्यक्षता संयोजक, कुनै कारणले संयोजक अनुपस्थित भएको अवस्थामा उपप्रमुखले, उपप्रमुखको पनि अनुपस्थितिमा जेष्ठ सदस्यको अध्यक्षतामा बस्नेछ ।

(२) संयोजकको परामर्शमा सदस्य सचिवले बैठक बोलाउने छन् ।

(३) बैठकमा उपस्थित हुनु सबै सदस्यको कर्तव्य हुनेछ ।

तर कुनै विशेष कारणले सम्पूर्ण सदस्यहरु उपस्थित हुन नसकेको कारण खुलाई उपस्थित सदस्यहरुले जुनसुकै विषयमा निर्णय गर्न सक्नेछ ।

(४) समितिले गरेको सम्पूर्ण निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी राख्नु पर्नेछ ।

७. **अस्पताल व्यवस्थापन समिति** : (१) अस्पतालको दैनिक कार्य सञ्चालन सम्बन्धमा जनशक्ति व्यवस्थापन, स्वास्थ्य सेवाको सञ्चालन, साधन उपलब्ध तथा व्यवस्थापन लगायत अस्पताल सञ्चालन सम्बन्धमा गर्नु पर्ने सम्पूर्ण कामको सञ्चालन, रेखदेख र समन्वय गर्न अस्पतालमा स्वास्थ्य सञ्चालन तथा व्यवस्थापनका लागि अस्पताल व्यवस्थापन समिति रहने छ :

(क) अध्यक्ष -स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष

(ख) सदस्य -कार्यपालिकाले मनोनयन गरेको कार्यपालिकाको सदस्य मध्ये १ जना महिला सहित २ जना

(ग) सदस्य -कार्यपालिकाले मनोनयन गरेको सामाजिक संघ संस्थाको प्रतिनिधि १ जना

(घ) सदस्य -कार्यपालिकाले मनोनयन गरेका टोल विकास संस्थाका प्रतिनिधि १ जना

(ङ) सदस्य -समितिबाट मनोनित स्वास्थ्य क्षेत्रको जानकार महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट १ जना

(च) सदस्य सचिव -सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख

(२) उपदफा (१) बमोजिम सञ्चालन समितिले साधन स्रोतको उपलब्धता तथा व्यवस्थापनका लागि आवश्यक कार्य टोली गठन गर्न सक्नेछ ।

८. **अस्पतालले प्रदान गर्ने सेवा** : (१) अस्पतालले सामान्यतया देहाय बमोजिमका सेवाहरु प्रदान गर्नेछ :

- ARI Clinic
- आकस्मिक सेवा
- Suspected COVID-19 वार्ड
- COVID-19 Positive वार्ड
- प्रयोगशाला सेवा (PCR)
- रेडियोलोजी सेवा
- एम्बुलेन्स सेवा
- Pharmacy सेवा

(२) उपदफा (१) मा लेखिएको सेवाको परिमाण तथा शैया सख्या प्रथम चरणमा २५ हुनेछ, साथै आवश्यकता र जनशक्ति तथा पूर्वाधारको उपलब्धताको आधारमा निर्देशक समितिले हेरफेर गर्न सक्नेछ ।

(३) नगरपालिका मातहत रहेका स्वास्थ्य चौकी तथा संस्था यथावत रुपमा सञ्चालन रहने छन् ।

(४) कोभिड-१९ का बिरामीलाई उपचार्थ चाहिने विशेषज्ञ सेवाका लागि कोभिड-१९ अस्पतालमा रेफर गरिने छ ।

९. **अस्पतालको जनशक्ति** : (१) अस्पताललाई चाहिने जनशक्तिको व्यवस्था दफा ५ बमोजिम गठित निर्देशक समितिले गर्नेछ ।

(२) आवश्यक परेमा अस्पताल व्यवस्थापन समितिले निर्देशक समितिको सहमति लिई गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम खटाइएको जनशक्ति विशेष कारणवश सम्बन्धित सेवा दिन असक्षम रहेमा वा बिरामी भएमा निर्देशक समितिले अस्पताल व्यवस्थापन समितिको सिफारिसमा नयाँ नियुक्ति गर्नेछ ।

(४) अस्पतालमा खटिएका जनशक्तिको व्यक्तिगत र स्वास्थ्य सुरक्षामा विशेष ध्यान दिनु पर्नेछ ।

(५) अस्पतालमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीको स्वास्थ्य सुरक्षाको लागि आवश्यक पर्ने भरपर्दो वैज्ञानिक र गुणस्तरीय सामग्रीहरुको व्यवस्थापन नगरपालिकाले गर्नु पर्नेछ ।

(६) अस्पतालको स्वास्थ्य सेवाको काममा खटिएका स्वास्थ्यकर्मीलाई विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसारको आवश्यक व्यक्तिगत सुरक्षा कवच (PPE) को व्यवस्थापन गर्नु पर्नेछ ।

१०. **औषधी तथा अन्य सामग्रीको व्यवस्थापन** : (१) अस्पतालमा चाहिने औषधी तथा स्वास्थ्य सामग्रीको व्यवस्थापन निर्देशक समिति र अस्पताल व्यवस्थापन समितिले गर्नेछ ।

(२) अस्पतालमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीको कार्य समय पछिको quarantine, यातायात, बिमा र जोखिम भत्ताको व्यवस्थापन निर्देशक समितिले गर्नेछ ।

(३) अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा भर्ना भएका बिरामीको खाना तथा बन्दोबस्तीका सामग्रीको प्रबन्ध निर्देशक समिति र अस्पताल व्यवस्थापन समितिले मिलाउनु पर्नेछ ।

**११. रकम व्यवस्था :**

(क) अस्पतालमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको कार्य समय पछिको सेवा, यातायात, बिमा, जोखिम भत्ता तथा खानाको वन्दोबस्त लगायत अस्पताल सञ्चालन गर्न लाग्ने रकम व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराइने छ ।

(ख) अस्पताल सेवामा लिइने शुल्क विभिन्न व्यक्ति, संघ संस्थाबाट प्राप्त सहयोग रकम समेत अस्पताल व्यवस्थापनमा खर्च गरिने छ ।

(ग) अस्पतालबाट प्राप्त आय (शुल्क सहयोग) को छुट्टै अभिलेख राख्ने कार्य नगरपालिकाले गर्नेछ ।

**१२. उपचार शुल्क :** यस अस्पतालले कोविड-१९ का बिरामीलाई दिने सेवा वापत नेपाल सरकारले निशुल्क भनेकोमा बाहेक अरु शुल्कको निर्धारण व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले तोके बमोजिम हुनेछ र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

**१३. शव व्यवस्थापन :** अस्पतालमा उपचारत कुनै बिरामीको मृत्यु भएमा त्यसरी मृत्यु भएका बिरामीहरुको शव पहिचान र व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही सुरक्षा निकायबाट हुनेछ ।

**१४. अस्पतालको सेवा समाप्ति :** यस अस्पतालबाट प्रदान गरिने सेवा कोविड-१९ को महामारी समाप्त भई छुट्टै अस्पताल आवश्यक नभएको भनी अस्पताल व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समिति मार्फत कार्यपालिका बैठकले तोके बमोजिम हुनेछ ।

**१५. उपकरण मर्मत सम्भार :** (१) यस अस्पतालमा प्रयोग भएका सामान र उपकरणको प्रयोग तथा मर्मत सम्हार अस्पताल व्यवस्थापन समितिले गर्नेछ ।

(२) उपदफा १४ बमोजिम अस्पतालको सेवा समाप्त भएमा सो अस्पतालमा रहेको सामग्री तथा उपकरण नगरपालिकालाई हस्तान्तरण हुनेछ ।

**१६. बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको पालना गर्दा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउने छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत